नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
( स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा )

फोन नं. : ०१०-५६०३३३
०१०-५६०२६६
इमेल daonuwakot@moha.gov.np
nuwakotcdo@gmail.com
वेबसाइट: daonuwakot.moha.gov.np
नुवाकोट

पत्र संख्या : ०८२/८३ चलानी नं: ६१५ मितिः२०८३।०५।२६

**विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री स्थानीय तह,सबै, नुवाकोट।
श्री जिल्ला स्थित सुरक्षा निकाय, सबै ।
श्री जिल्ला स्थित कार्यालय, सबै, नुवाकोट ।
श्री अध्यक्षज्यू, नुवाकोट उद्योग बाणिज्य संघ, विदुर।
श्री सभापतिज्यू, नेपाल रेडक्रस सोसाइटी, नुवाकोट शाखा।
श्री अध्यक्षज्यू, नेपाल पत्रकार महासंघ, जिल्ला शाखा नुवाकोट।
श्री अध्यक्षज्यू, गैरसरकारी संस्था महासंघ, नुवाकोट शाखा।

प्रस्तुत विषयमा जिल्ला विपद व्यवस्थापन समितिको मिति २०८३/०५/२५ गतेको बैठकबाट पारित निर्णय पाना २(दुई) यसै साथ संलग्न छ। व्यहोरा सोहिबाट अवगत गरी प्रभावकारी कार्यान्वयन हुन निर्णयानुसार अनुरोध छ ।

.............................
(साबित्रा भण्डारी)
प्रशासकीय अधिकृत

बोधार्थः
श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।
श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण,
सिंहदरवार, काठमाण्डौं।
श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर।

## जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति, नुवाकोटको मिति २०८३ भाद्र २५ मा बसेको बैठकबाट भएका निर्णयहरू:

१. मिति २०८३/०५/१० गते भोटे कोशी आएको भीषण बाढीका कारण भएको उद्वार तथा राहत सम्बन्धमा हालसम्मको वस्तुस्थितिका बारेमा जानकारी एव छलफल गरियो ।

२. हाल Holing Centres बसिरहेको मानिसहरुलाई अस्थायी बसोवासका लागि के कसरी व्यवस्थापन गर्ने भन्ने सम्बन्धमा जिल्लाका विभिन्न राजनीतिक दलका नेता तथा प्रतिनिधि, माननीय, जनप्रतिनिधि लगायतसंग राय, सल्लाह, सूझाव संकलनका लागि NDRRMA का कार्यकारी प्रमुखसहितको टोलीले छलफल गर्यो । सो छलफलका क्रममा Holding Centres मा बसोवास गरेका मानिसलाई तत्काल अस्थायी बसोवासको व्यवस्था मिलाउनु पर्ने, संभव भएसम्म हाल नुवाकोट जिल्लाका विभिन्न Holding Centres मा बसोवास गरिरहेका मानिसलाई आआफ्नो पालिकामा बसोवास गराउन उपयुक्त हुने, Holding Centres का कतिपय मानिस आफ्नो हिसवाले बस्ने चाहेमा सोहि अनुसारको विकल्प दिनुपर्ने, अन्य जिल्लाका मानिसहरु सोहि जिल्ला वा पालिकामा पठाउन राम्रो हुने, हालैको बाढीबाट प्रभावित नभएका पालिकाहरुले पनि आवश्यक परेमा सहयोग गर्ने, रसुवा जिल्लाका मानिसहरुलाई कसरी व्यवस्थापन गर्ने हो स्पष्ट नीति, अस्थायी घर/टहरा बनाउने मापदण्ड (Requirements) हनुपर्ने, बाढी पीडितलाई परिचय पत्र उपलब्ध गराउने विदेशी सहयोगलाई कसरी परिचालन गर्ने स्पष्ट Guide line हुनुपर्ने लगायतका विभिन्न सूझाव सहभागिहरुले दिनु भएको।

३. बाढी प्रभावित भई विस्थापित भएका मानिसहरुको स्थायी बसोवास एव आगामि दिनमा वस्ति विकास सडक लगायतका संरचनाहरु निर्माण गर्दा भविष्यमा आउन सक्ने विपदको दृष्टकोणले सुरक्षित हुने गरी गरिनु पर्ने राय तथा सुझावहरु सहभागिहरुले दिनु भएको ।

४. विपदको आएको अवस्थामा संघीय सरकार,प्रदेश सरकार तथा स्थानीय सरकार र मातहतका सबै निकाय एव गैरसरकारी I/NGOs स्वतः सक्रिय हुने DPRP मा भएको प्रावधान अनुसार सबै निकायहरु एव जनप्रतिनिधिहरु तथा व्यक्तिगत रुपमा भैरहेको सहयोग समन्वय र सहजिकरणको कारण यति ठूलो विपद्को राहत र उद्धार लगायतका कार्य सन्तोषजनक रुपमा भएको र यसलाई अझ थप प्रभावकारी बनाउन सबै सयन्त्र अझ निरन्तर लाग्ने निर्णय गरियो ।

५. भोटेकोशी हुदै त्रिशुली नदीमा आएको बाढीका कारण ज्यान गुमाइ पहिचान नखुलेका शवहरु व्यवस्थापन गर्ने सम्बन्धमा पहिचान नभएका तथा वेवारिसे शव व्यवस्थापन निर्देशिका (संशोधन सहित) २०७८ को दफा १४ को (घ१)बमोजिम केन्द्रीय कारागार खम्पाक्याप दक्षिणतर्फको 27.876480'N, ८५.१२७६७६०.E को अडिनेटको वरपरको क्षेत्र भित्र शव व्यवस्थापन गर्ने ।

६. भोटेकोशीमा आएको बाढीको कारण बिग्रिएका विभिन्न संरचनाहरु प्राथमिकताका साथ मर्मत गर्ने सन्दर्भमा यस बैठकमा प्रास सूझावहरु समेतलाई प्राथमिकता दिइ सडक एवं पूल खानेपानी विधुत टेलिकम लगायतले उच्च प्राथमिकता दिई कार्य गर्ने सरकारले साधनस्रोत के कति आवश्यक पर्छ सो

प्रमुख जिल्ला अधिकारी

उपलब्ध गराउने भनिरहेको अवस्थालाई दृष्टिगत गरि थप साधनस्रोतको आवश्यकता पर्ने भएमा तत्काल सम्बन्धित निकायमा माग गरि साधन स्रोतको अभावका कारण सो कार्यमा ढिलाई हुने अवस्था नआउने सुनिश्चतता गर्ने ।

७. भोटेकोशी नदीमा आएको बाढीको कारण बाढी प्रभावित पालिकाहरुले स्थानिय विपद् व्यवस्थापन समिति मार्फत् यथाशिघ्र वस्ति, होल्डिङ सेन्टर, सडक लगायतका पूर्वाधार मर्मत, वडा वस्तीको विवरण संकलन लगायतका कार्यमा वडाअध्यक्षहरु, कार्यपालिकाका सदस्य, कर्मचारी एवं पालिकाका प्रहरी कर्मचारी परिचालन गरी राहत वितरण प्रभावित व्यक्तिहरुको व्यवस्थापन लगायतका कार्यका लागि समन्वय, सहजीकरण र व्यवस्थित गर्ने। बाढी प्रभावित सबै पालिकाका वडाध्यक्षज्यूहरुले आ आफ्ना मा रहेका मानिसहरुलाई राहतको उपलब्धता सुनिश्चित गर्ने के कति राहत सामाग्री आवश्यक पर्ने हो समयमानै राहत वितरण स्थल विदुर नगरपालिका तथ जिल्ला समन्वय समितिको सभाहलमा सम्पर्क गरी राहत बुझ्ने र समयमानै वितरण गर्ने प्रबन्ध अझ प्रभावकारी रुपमा मिलाउने ।

८. बाढीबाट प्रभावित भएका मानिसहरुलाई तत्काल होल्डिङ सेन्टरमा राख्ने व्यवस्था गरिएको, त्यस्ता होल्डिङ सेन्टर रहेका व्यक्तिहरुको लागि खाद्यान्न तथा स्वच्छ खानेपानी र प्राथमिक उपचारको प्रबन्ध सरकारी, निजी, गैरसरकारी र सरोकारवालाहरुको समन्वयमा गर्ने।

९. भोटेकोशी हुदै त्रिशुली नदीमा आएको बाढीका कारण राहदानी बनाई हराएका नागरिकहरुले पुन जिल्ला प्रशासन कार्यालयबाट आर्थिक वर्ष २०८३/०८४ भित्र राहदानी बनाउँदा लाग्ने अतिरिक्त थप शुल्क छुटका लागि राहदानि विभागमा अनुरोध गर्ने ।

१०. "गल्छि त्रिशुली मैलुङ सडक खण्ड सुचारु गर्ने क्रममा केहि स्थानीयको जग्गा सम्म पुग्नु पर्ने देखिएकोले सार्वजनिक सडक ऐन २०३१ को दफा १४ अनुसार अस्थायी रूपमा सडक योजनाले प्रयोग गर्ने र सो क्रममा स्थानीय स्तरमा अवरोध आएको खण्डमा सम्बन्धित स्थानिय तहले समाधान गर्न सहजीकरण गर्ने ।

११. पूर्वाधार विकास कार्यालय नुवाकोटबाट देहाय अनुसार गर्ने

क. सडक सम्बन्धी

१.छहरे चौघडा पुल बाहुनवेसी नर्जामन्डप लच्याङ रसुवा जोड्ने सडक र विदुर चोगते बोरेभन्ज्याङ लच्याङ रसुवा जोड्ने सडक मर्मत संभारलाई निरन्तर्ता दिने ।

२.चोगते कुबापानी फलाखु खोलामा वेलिब्रिज निर्माण अगाडि बढाउनेसाथै अक्करे तुप्चे सोले हुदै सातदोबाटो किस्पाङ जोड्ने सडक वैकल्पिक नयाँ ट्र्याक निर्माण गर्ने ।

३. बेलकोटगढीमा रहेको निम्न सडकहरु कलियानी नलगाउ निरन्जना सडक, हर्रे देखि कलियानी सडक, तादी पुल देखि नलगाउ हुंदै बागखोर सडक,बागखोर देखि झ्याङ्ली सडक, मालिका थान दियाले जलजले डाँडागौउ विरुवाटार हुदै बारविसे सडक र बाघखोर मझुवा भन्ज्याङ सडक मर्मत कार्य निरन्तर्ता दिने ।

४. किस्पाङ जोड्ने सलाखु खोलामा पुल बगाएको हुदाँ उक्त स्थानमा १२० सेमीको १६ वटा ह्युम पाईप राख्नका लागि पाईप उपलब्ध गराउने ।

ख. तुईन– आवश्यक ठाउहरुमा तुईन निर्माणलाई निरन्तर्ता दिने ।

ग. होल्डिङ सन्टरहरुमा बाटो तथा कम्पाउण्डमा पेबल गिट्टी राख्ने ।

घ. झोलुङ्गे पुलहरु निर्माण अघि बढाउने- तिरतिरे भिर, सिम्ले... देविघाटमा झोलुङ्गे पुल निर्माणको अध्यायन गरि निर्माण कार्य अघि बढाउने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नुवाकोट

प्रमुख जिल्ला अधिकारी